October 2nd, 2025 Thursday

## National News

प्रमुख समाचार

१. सर क्रिक क्षेत्रमा पाकिस्तानले कुनै पनि दुस्साहस गरेमा उचित जवाफ दिइने रक्षामन्त्री राजनाथ सिंहको चेतावनी
२. इलेक्ट्रोनिक्स तथा सूचना प्रविधिमन्त्री अश्विनी वैष्णवका अनुसार इलेक्ट्रोनिक्स उपकरण निर्माण योजनामा १ लाख १५ हजार करोड रुपैयाँभन्दा बढीको लगानी प्रस्ताव प्राप्त
३. आज राष्ट्रले राष्ट्रपिता महात्मा गान्धी र पूर्व प्रधानमन्त्री लाल बहादुर शास्त्रीलाई उहाँहरूको जन्मजयन्तीमा श्रद्धाञ्जली अर्पण गर्दै
४. विजयादशमी पर्व आज देशभर मनाइँदै

### 1. Rajnath – Vijaya Dashami

रक्षामन्त्री राजनाथ सिंहले आज चेतावनी दिंदै भन्नुभएको छ, सर क्रिक क्षेत्रमा पाकिस्तानले कुनै पनि दुस्साहस गरेमा इतिहास र भूगोल दुवै परिवर्तन हुने गरि उचित जवाफ दिइनेछ। श्री सिंहले भुजमा विजयादशमीको अवसरमा आयोजित सैन्य क्षमता अभ्यासमा भाग लिनुभयो । रक्षामन्त्रीले शस्त्र पूजा समारोहमा पनि भाग लिनुभयो । रक्षामन्त्रीले भन्नुभयो, धर्मको रक्षा गर्न केवल दृढ संकल्प मात्र पर्याप्त छैन।

### 2. Ashwini – Electronics

केन्द्रीय इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले इलेक्ट्रोनिक्स उपकरण निर्माण योजना अन्तर्गत सरकारले एक लाख पन्ध्र हजार तीन सय एकाउन्न करोड रूपियाँको लगानी प्राप्त गरेको बताउनुभएको छ। नयाँ दिल्लीमा पत्रकारहरूसँग कुरा गर्दै श्री वैष्णवले भन्नुभयो, यस योजनाको लागि आवेदन दिने अन्तिम मिति हिजो समाप्त भयो। यस योजना अन्तर्गत प्राप्त आवेदनहरूको संख्या ऐतिहासिक छ। उहाँले भन्नुभयो, विगत एघार वर्षमा निर्माण गरिएको विश्वास अब लगानी, रोजगारी सिर्जना र उत्पादनमा रूपान्तरण भइरहेको छ।

## 3. RSS – Mohan Bhagwat

राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) सरसंघचालक डा. मोहन भागवतले भन्नुभएको छ, आत्मनिर्भरता र विश्वव्यापी एकताको पक्षधरको रूपमा, हामीले यो सुनिश्चित गर्नुपर्छ कि निर्भरता बाध्यता होइन र हामी आफ्नै इच्छा अनुसार काम गर्न सक्षम छौं । उहाँले स्वदेशी र स्वास्थ्यको अर्को विकल्प छैन भन्नुभयो। आरएसएस प्रमुख आज बिहान नागपुरको रेशिमबागमा आरएसएसको शताब्दी समारोह र विजयादशमी उत्सवलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो।

## 4. PM – RSS

प्रधानमन्त्री नरेन्द्र मोदीले आज राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) को राष्ट्रप्रति समर्पित सेवाको १०० वर्ष पूरा भएकोमा प्रशंसा गर्नुभयो। सरसंघचालक डा. मोहन भागवतको प्रेरणादायी सम्बोधनलाई उल्लेख गर्दै, प्रधानमन्त्रीले राष्ट्र निर्माणमा आरएसएसको महत्त्वपूर्ण भूमिका र भारतको सभ्यता, मूल्यमान्यतालाई पोषण गर्ने यसको अटल प्रतिबद्धतालाई प्रकाश पार्नुभयो।

## 5. PM - Gandhi Jayanti

आज राष्ट्रपिता महात्मा गान्धीको १५६ औं जन्मजयन्तीमा राष्ट्रले उहाँलाई श्रद्धाञ्जली अर्पण गर्दैछ। देशभर धेरै कार्यक्रमहरू आयोजना भइरहेका छन्। उपराष्ट्रपति सीपी राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदी र अन्य विशिष्ट व्यक्तिहरू आज साँझ गान्धी स्मृतिमा आयोजित सर्वधर्म प्रार्थना सभामा उपस्थित हुनुभयो। यो दिनलाई अन्तर्राष्ट्रिय अहिंसा दिवसको रूपमा पनि मनाइन्छ। महात्मा गान्धीको जन्मजयन्तीको सम्झनामा आज अन्तर्राष्ट्रिय अहिंसा दिवस मनाइँदैछ। जून २००७ मा, संयुक्त राष्ट्र संघको महासभाले विश्वभर शान्ति र सहिष्णुता प्रवर्द्धन गर्न अहिंसा दिवस मनाउने प्रस्ताव पारित गरेको थियो। १४० भन्दा बढी देशहरूले यस प्रस्तावलाई अनुमोदन गरेका थिए। यो दिनले हामीलाई महात्मा गान्धीको शान्तिपूर्ण संसारको सन्देशको सम्झना गराउँछ। अन्तर्राष्ट्रिय अहिंसा दिवसको अवसरमा, संयुक्त राष्ट्र संघका लागि भारतीय स्थायी नियोगले आज एक विशेष कार्यक्रम आयोजना गर्दैछ। विश्वभरका भारतीय दूतावासहरूमा पनि महात्मा गान्धीको १५६ औं जन्मजयन्तीमा श्रद्धाञ्जली अर्पण गरिएका समाचारहरू प्राप्त भइरहेका छन्। भारतीय दूतावासहरूले शान्ति र अहिंसाको विश्वव्यापी सन्देश फैलाइरहेका छन्।

## 6. Gandhi Jayanti – Amit Shah

गृहमन्त्री अमित शाहले महात्मा गान्धीको जन्मजयन्तीको अवसरमा नयाँ दिल्लीको खादी ग्रामोद्योग भवनमा जीएसटी बचत महोत्सवको भागको रूपमा खादी र ग्रामोद्योग उत्पादनहरूमा राष्ट्रव्यापी छुटको सुरुवात गर्नुभयो। यस अवसरमा, श्री शाहले देशवासीहरूलाई खादीको प्रयोगलाई प्रवर्द्धन गर्न र स्वदेशी उत्पादनहरू अपनाउने अभियानलाई प्रोत्साहित गर्न अपील गर्नुभयो।

## 7. Lal Bahadur Shastri Jayanti

आज पूर्व प्रधानमन्त्री लाल बहादुर शास्त्रीको १२१ औं जन्मजयन्ती हो। प्रधानमन्त्री नरेन्द्र मोदीले सामाजिक सञ्जाल पोस्टमा भन्नुभएको छ, लाल बहादुर शास्त्री एक यस्तो असाधारण राजनेता हुनुहुन्थ्यो, जसको निष्ठा, नम्रता र दृढ संकल्पले चुनौतीपूर्ण समयमा पनि देशलाई सशक्त बनायो।

## 8. Vijaya Dashami Celebration

विजयादशमी पर्व आज आस्था र उत्साहका साथ मनाइँदैछ। असत्यमाथि सत्य र अशुरी शक्तिमाथि दैवी शक्तिको विजयको प्रतीकका रूपमा मनाइने विजयादशमी बडादसैंकै सबैभन्दा महत्त्वपूर्ण दिन हो। राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमन्त्री नरेन्द्र मोदीले विजयादशमीको अवसरमा देशवासीहरूलाई शुभकामना व्यक्त गर्नुभएको छ।

## 9. INDIA CHINA

भारत र चीनले अक्टोबरको अन्त्यसम्ममा दुवै देशका निर्दिश्त बिन्दुहरूलाई जोड्ने सिधा हवाई सेवा पुनः सुरु गर्न सहमत भएका छन्। विदेश मन्त्रालयले एक विज्ञप्तिमा जनाएअनुसार दुई देशका नागरिक उड्डयन अधिकारीहरू प्रत्यक्ष हवाई सेवा पुनः सुरु गर्न प्राविधिक स्तरको छलफलमा संलग्न छन्। नागरिक उड्डयन अधिकारीहरूको यो सम्झौताले भारत र चीन बीचको जनता-जनताको सम्पर्कलाई थप सहज बनाउने र द्विपक्षीय आदानप्रदानलाई क्रमिक रूपमा सामान्यीकरण गर्न योगदान पुऱ्याउने विदेश मन्त्रालयले बताएको छ।

## 10. Philippines – Earthquake Update

मध्य फिलिपिन्सको सेबु प्रान्तमा गएको ६.९ म्याग्निच्युडको भूकम्पमा परी मृत्यु हुनेको संख्या ७२ पुगेको छ। राष्ट्रिय विपद् व्यवस्थापन परिषद्ले मंगलबार सेबु प्रान्तमा गएको भूकम्पमा कम्तिमा २९४ जना घाइते भएको जनाएको छ। परिषद्ले एक लाख भन्दा धेरै मानिस प्रभावित भएको पनि जनाएको छ, जसले गर्दा प्रान्तीय सरकारले सम्पूर्ण प्रान्तलाई प्रकोप प्रभावित राज्य घोषणा गरेको छ।

## 11. Sports News

अब खेल प्रसंगः तमिलनाडुका ग्रान्ड मास्टर पी. इनैयानले ६२ औं राष्ट्रिय चेस च्याम्पियनशिप जितेका छन्। उनले हिजो आन्ध्र प्रदेशको गुन्टुरमा एघार खेलमा सात जित र चार बराबरीसहित यो उपलब्धि हासिल गरे। इनैयान प्रतियोगितामा अपराजित रहे। भारत र वेस्ट इन्डिजबीच अहमदाबादमा जारी शृङ्खलाको पहिलो टेस्टको पहिलो दिन भारतले दुई विकेट गुमाएर १२१ रन बनाएको छ। भारत हाल वेस्ट इन्डिजभन्दा ४१ रनले पछाडि छ। यसअघि वेस्ट इन्डिज १६२ रनमा अलआउट भएको थियो।